# Living the LOTUS

Buddhism in Everyday Life

1
2019

VOL. 160


Founder's Essay

## आफ्नो बानिको शक्ति

जुडो खेल्दा होस य क्रीकेट खेल्दा या गल्फ खेल्दा "यसरी गर्नु पर्छ" भनेर सिक्दैमा तेस्तो गर्न सकिने होईन । दिनकादिन अभ्यास गरे मात्र आफु त्यो खेलमा निपुण हुन सकिन्छ ।

आस्था भनेको पनि तेस्तै हो । ज्ञान के हो एक चोटी सुनेमा बुझिन्छ तर त्यो आफ्नो बनाउन दिनकादिन तेस्को अभ्यास गर्नु पर्दछ । हामीमा आफुले बुझेमा जे पनि गर्न सक्छौ भन्ने भ्रम हुन्छ र अभ्यासको शक्तिलाई बिर्सन्छौ ।

राम्रो या नराम्रो बानि जब हामीमा बस्छ तेस्ले हाम्रा मन, निर्णय गर्ने शक्ती अनि जिवनिलाई नै आफ्नो निञ्त्रणमा राख्दछ । राम्रो बानी परेमा कुरालाई बुझेर केहि नगरे पनि राम्रो हुन्छ । तर जब नराम्रो बनी पर्दछ आफुले सोचेको भन्दा बिपरित नतिजा आउने गर्दछ ।

सधै भेट्ने मानिसलाई हेर्ने सोच्ने तरिका र गराइ प्राकृतिक रुपमा उपदेश अनुसार गर्दै जाने बानी राख्नु महत्वपुर्ण हुन्छ भन्ने बुझिन्छ । आफ्नो सिकाइ र बानी कसरी बसाल्ने भनेको संघसित हो र यो नै दोजो पनि हो ।

संस्थापकको निबन्ध ९ / ३०-३१ बाट


Living the Lotus
Vol. 160 (January 2019)

प्रकाशक: रिश्शो कोसेइ काइ अंतराष्ट्रय बिभाग
फुमोन मिडिया सेन्टर २-७-१, वादा सुगीनामी कु टोक्यो १६६-८५३७ जापान
फोन: ८१-३-५३४१-११२४
फ्याक्स्: ८१-३-५३४१-१२२४
इ-मेल्: living.the.lotus.rk-international@kosei-kai.or.jp
प्रमुख सम्पादक: कोइचि साइतो
सम्पादक: केनसुके सुज़ुकि
नेपाली संसकरण अनुवाद र सम्पादक: नविन अर्याल
सम्पादन कर्मचारी:अंतराष्ट्रय बिभाग कर्मचारी


रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र माने सर्बसाधारण बुद्ध धर्मको संस्था हो । हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन । अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्ट्रय अन्तराष्ट्रय स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ ।

*Living the Lotus-Buddhism in Everyday life* (शद्धर्म पुन्डरिक सुत्र - दैनिक जिवनमा बुद्ध धर्म) भन्ने शिर्षक हाम्रो दैनिकिमा बुद्धको उपदेश कसरी प्रयोग गर्न सकिन्छ भन्ने कुरा बुझाउन, जसरि हिलोमा पनि कमल फकृयको हुन्छ तेस्तै हाम्रो जिवन राम्रो र उधेष्यमुलक होस भन्ने कामना सहित राखिएको हो । यो पत्रीका पढेर संसार मनिसहरुको जिवनमा बुद्धको उपदेश उपयोग गर्नकोलागि ईन्टरनेटमा राखिएको छ ।

*President's Message*

# सद्‌गुणको जरा सबैमा हुन्छ

by Rev. Nichiko Niwano
President of Rissho Kosei-kai



## रुखो जरामा पनि हालौं

नयाँ बर्षको शुभकामना छ । यो बर्ष पनि हामी खुशी हुँदै बुद्धपथमा हिडौं ।

तपाईंहरु सबैजनाले आफ्नो प्रणलाई मनमा राखी उमङसाथ अझै भक्ती जानुहोला भन्ने लाग्छ ।तर केहि कारणबस मनमा अध्यारो छाएर “सकारात्मक हुन सकेको छैन” भन्नेहरु पनि होलान ।

यो एक मान्छेको जवान हुँदा आफु बिरामी भएर अब यो रोग जिन्दगी भरी लाग्छ भन्ने बुझेको बेलाको कुरा हो । उनले जिन्दगीदेखी आसा मरेको बेलामा एकजना धर्म मान्ने अग्रजले सधै “तिमीसँग सद्‌गुणको जरा छ है” भनेर भन्थे रे ।

उनले तेस्तो सुन्दासुन्दै आफ्नो जिवनको महत्व छैन भन्ने बिचार र आफ्नो जिवनप्रतिको नकरात्मक सोचाइ बन्द भएर “आफु पनि अरुकोनिम्ती केहि गर्न सक्छु है” भन्ने कुरा मनमा जाग्र थालेछ रे ।

हामीले सधै पढ्ने सद्धर्म पुन्डरिकको अतौल्य उपदेशमा “सबै प्राणिको आधार भनेको सद्‌गुणहो” भन्ने छ । सद्‌गुण भनेको राम्रो फल दिलाउने आधार हो र “सबैमा बुद्धत्व हुन्छ र एसको सबै बुद्ध हुन्” भन्ने “बुद्धत्व” को समान अर्थ लाग्छ भन्ने मलाई लाग्छ ।

तेही भएर सबैजनामा सद्‌गुण हुन्छ । तर तेस्तो सद्‌गुणलाई बिकास गराउन रुखो जरामा पानी हाल्न बिर्सनु हुँदैन ।

जिन्दगीको आसा मारेर आफ्नो महत्व नकार्ने त्यो युवाकोनिम्ती “तिमीसँग अमुल्य सद्‌गुण छ” भनेर आफ्नो सद्‌गुणको जरा छ भन्ने बिश्वास जागेको पनि रुखो जरामा पर्याप्त पानी हालेको हुनाले हो भनेर भन्न सकिन्छ ।

ती युवा अहिले आफु जस्तै समस्या परेकाहरुको सद्‌गुणको जरामा पानी हाल्दै बुद्धको उपदेश फैलाउने काम गरिरहेका छन ।

## साचो “निश्चित बुद्धत्व”

अतौल्य उपदेशको एक स्लोकमा “सद्गुणलाई मलिलो बनाउने” पछी “सद्गुणको बिउ हालेर नैतिकताको बारी उब्जाउने” भन्ने स्लोक आउछ । “यो संसारको मान्छेकोनिम्ती बन्ने बृक्ष बन्न सद्गुणको बिउ धेरै छरौ” मतलब “बुद्धको उपदेश फैलाएर आफु अनि अरु पनि सबैजना सुखी बनौ” भन्ने “धर्मप्रचार पथ” को बारेमा भनिएको हो ।

“सद्गुणको बिउ छर्ने” भनेको धेरैको रुखो सद्गुणको जरामा पानी हाल्नु जस्तै हो तर किन यहाँ “धर्मप्रचार पथ” को बारेमा भनिएकोमा एक कारण छ ।

अघिनको युवा जस्तै बुद्ध धर्म सुनेर मनको जरा मलिलो बनेर भ्रमको जालबाट बाहिरा आउँदा “म जस्तै अरुपनी यो दुखबाट टाढा भएर आफ्नो आखाअघिको सुखलाई बुझुन्” भनी दयालु मन प्रष्फुटी हुनाले हो ।

र त्यो “धर्मप्रचार पथ” भनेको के भनेर भन्दा दुख पाएका अघिनको युवाले पनि सुरुदेखी नै बुद्धधर्म ग्रहण गर्न सकेका थिएनन होला । तेसै भएर “आफु आफ्नो नजिकको मान्छेको लागि गुण गर्छु” भन्ने मन राख्नु महत्वपुर्ण हुन्छ । मान्छेप्रतिको दयालु मनले नै दुख पाएका मान्छेको रुखो मनलाई मलिलो पार्छ ।

तेस्माथि सुत्र पाठ र बुद्धको उपदेश बुझ्दै दैनिकिमा अभ्यास गर्दै बुद्धधर्म नबुझेकालाई बुझाउदै जाने । त्यो नै “सर्बप्राणिको बुद्धत्वलाई बुझाउने” सर्बश्रेष्ठ जिवनी हुनेछ ।

एसो गर्दै सबैजना “बुद्ध जस्तो बन्न पाउ” भनेर संघसित साचिको “निश्चित बुधत्व” बन्ने प्रण गर्ने । मेरो एक शिक्षकले “धर्मप्रचार बिना धर्म हुँदैन” भन्नुभएको थियो । हामीहरु अरुको मुक्तिको लागि सधै शान्त भएर “निश्चित बुधत्व” बन्नेछु ।

From *Kosei*, January 2019.

# "प्रयस्चितबिना संबन्धित हुनु" को महत्व बुझ्दा

उमेजु केइसुके
कोगानेइ मन्दिर

*यो प्रवचन २०१९ अगस्त ४मा संस्थापकको पुण्यतिथिमा गरिएको हो।*

मलाई आज धार्मिक प्रवचन गर्न दिनु भएकोमा धेरै आभारी छु ।

यो दसकभर आफ्नो धार्मिक प्रवचन लेख्न गाह्रो मानिरहेको थिए । धार्मिक अनुभव अरुलाई भन्ने कुरा कोसेइ काइकोलागी एक महतवपुर्ण अभ्यास हो भनेर बुझेको हो तर एस्ता कुरा परिवारबाहिर गर्न गाह्रो हुन्छ ।

म १९४८मा बायुसेनाको घर (बिश्व युद्धको २ बर्ष पछी) जन्मेको हु । मेरो बुवा पाईलट हुनुहुन्थ्यो र हामीहरु बुवाको सरुवाले गर्दा सधै नयाँ ठाउँमा सरेर, धेरै जस्तो अमेरिका भित्र तर १९६० मा जापानको मिसावा र फुछ्यु र १९७० मा ताईवानको अमेरिका दुतावासमा सर्यौ । परिवर्तन नहुने कुरा केहि छैन भनेर मैले सानै देखी नै बुझेको थिए किनकी म सधै एक ठाउँबाट अर्को ठाउँ जान्थे र नयाँ स्कुल नयाँ साथी । एस्तो बेलामा मेरो आमाले सधै घर बसेर हामीलाई सघाउनुभयो । म स्कुलबाट फर्किदा उहा सधै घरमा पाउथे ।

म जवान हुँदा मलाई के चाहिन्छ थाहा थियो । हाई स्कुल



*दाइसेइदोमा प्रवचन गर्दै रोजजि*

लगत्तै मैले बायुसेना प्रवेश गरे र आफ्नो बुवा जस्तो हुन खोजे । तर तेस्तो बेलामा मेरो बुवाको दुर्घटनाबाट मृत्यु भयो । मलाई एस्ले धेरै दुख बनायो तर आफु पाईलट बन्ने कुरामा भने मलाई कुनै सन्का थिएन ।

१९७२मा पाईलट बन्ने ट्रैनिङ लिएपछी मेरो बिबाह भयो तर त्यो लामो समयम्म टिकेन । म सैनिकमा भएकोले भेट्न गाह्रो थियो तेही भएर डिवोर्स भयो । दुख त लाग्यो तर सानैदेखी परिवर्तन गर्ने बानी भएकोले परिवर्तन मेरोलागि प्राकृतिक थियो । अहिले सोच्दा तेस्ता दुखले नै मलाई नयाँ कुराहरु दिएका थिए भन्ने लाग्छ ।

केही बर्ष बायुसेनामा काम गरेपछी मैले ज्यान, जो मेरो ३५ बर्षसम्म पत्नि, साथि, अनि मसङ एकै धर्म मान्ने बनिन्, उनलाई भेटे । हामीले १९८२ मा बिहे गर्‍योउ र काम र सिकाइमा ध्यान दिदै धेरै ठाउँमा सरुवा भयौ । ज्यानले गर्दा नै म धर्ममा लागे । मैले केहि खोजेको त होईन तर उनिलाई नयाँ कुरा गर्न मन लाग्थ्यो र जिन्दगीको अर्थ के हो भनेर खोजिरहन्थिन र धेरै कुरा गर्थिन । जस्तोकी कृस्चियन बन्ने । हामी दुबै कृस्चियन घरमा जन्मेका हौ तर मलाई एस्ले मन छोएन र अहिलेपनी मलाई यो धर्मसँग सम्बन्धित छु जस्तो लागेन ।

१९९२मा जब म बायुसेनाबाट अवकास लिए र बायुसेवा कम्पनिको पाइलट भए बुद्धधर्म तिर मन जान थाल्यो । मैले जेन बुद्धको बारेमा पढे र मलाई राम्रो लाग्यो । एस्पछी म किताब पढ्ने बुद्धधर्मी भए । म सधै राती किताब पढ्ने अनि निदाउथे । पछी म र ज्यान भएर हाम्रो दोजोमा जेन बुद्धको ध्यान गर्न थाल्योउ ।

तेस्को १२-१३ बर्ष मैले बुद्धधर्मको किताब पढे र ध्यान पनि गरे ।

तर संघमा जाने काम गरिन । ज्यान चाइ आस्था गर्ने हुनाले ओक्लहोमाको धर्मसेन्टरमा साथी सहित जान्थिन । केहिपछी म पनि गए र हामी दुबै सदस्य भयौ ।

यहाँको सदस्य भएको २ बर्षपछी २००७ जुनमा ज्यानलाई घातिको क्यान्सर भयो । मैले एस्को बारेमा ईन्टरनेटमा हेरे । यो भयानक रोग थियो । हामी सधै तनाबमा हुन्थ्यौ तर बिस्तारै यो नयाँ बास्तबिकतालाई सहज रुपमा लिदै गयौ । एक सोमबर बिहान उनि र मैले यो नयाँ चुनौतिलाई जे आउछ तेसलाई सामना गर्ने निर्णय गर्यौं ।

समरमा ज्यानको किमो उपचार सुरु भयो र अस्पातल बस्न पर्ने भयो (उनिलाई पानि निल्न पनि गाह्रो हुन्थ्यो) । किमोले गर्दा धेरै थकान हुन्थ्यो । मैले यो बेलामा ध्यान कसरी गर्ने भन्ने तिर लागे ।

सेप्टेम्बरमा हामी ह्युस्टन गयौ र क्यान्सर फाल्ने अपरेसन गर्ने बिचार गर्यौं । अपरेसनको अग्गिलो दिन जब म उनको हात समातेर भबिस्यको चिन्ता गर्थे र उनिलाई हेर्थे उनिलाई म देख्दिनथिए । मैले के बुझे भने मैले अहिलेलाई ध्यान दिनु पर्छ । तर यो सरल जस्तो लागे पनि तर मलाई त्यो बेलामा गाह्रो लागेको थियो ।

भोलिपल्ट अपरेसनको दिन हामी कोठामा शान्त भएर बसेका थियौ र चुनौती भए पनि अहिलेको पलमा जे छ तेस्लाई हेर्यौं । त्यो बेलामा मैले हामिमा कोसेइ काइ र पुन्डरिक सुत्रले गर्दा धेरै परिवर्तन आएको महसुस गरे ।

ज्यानको अपरेसन जटिल थियो तेही भएर १२ घण्टा लाग्यो । हाम्रो आस्थाले गर्दा आएको परिवर्तन मैले तेस्को २ हफ्तासम्म महसुस गरे । हाम्रो अवस्था जटिल थियो तर बर्तमान सोच्ने भुत र भबिस्य नसोच्ने कुरा गर्न सकेकोमा आभारी भए ।

तेसपछी महिनौ अनि धेरै बर्षसम्म ज्यानको राम्रो फलोअप भयो र हामी धर्मसेन्टरमा ध्यान गर्न थाल्योउ । रेवरेन्ड लदुसुले गर्दा ज्यानले होजा र ध्यान गर्न थालिन । हामीले पहिला ध्यान मात्र गर्थ्योउ तर पछी सुत्रपाठ गरेर मन्त्र पढ्न पनि थाल्योउ ।

२००९मा मैले कामबाट अबकास लिए र फुर्सतको समय घरमा बिताउन थाले । ज्यानको क्यान्सर त निको भयो तर सरिरमा धेरै चुनौती थिए । अवकास लिएको भएर मलाई रेवरेन्डले आधारभुत बुद्धधर्मको कुरा धर्मसेन्टरमा सिकाउनु भनेर भन्नुभयो । यो सुखद कुरा अहिलेसम्म पनि चलेको छ । मैले कत्ती बुझ्न बाकी रहेछ र आफुले सिकेको कुरा अरुलाई सिकाउन कती गाह्रो हुदो रहेछ भनेर अचम्म परे ।



*साउथवेस्ट बायुसेवाबाट अबकासपछी ज्यानसँग*

२०१३ सम्म हामीले कती मृत्यको बारेमा सोच्ने रहेछौ भनेर जाने । त्यो बेलामा ज्यानको स्वास्थ बिगृयो र अर्को अपरेसन गर्न पर्ने भयो र तीन हफ्ता अस्पातल बस्न पर्ने भयो । मैले शान्तिदेवले भन्ने श्लोक "हाम्रो सबै दुख भनेको मज्जा खोज्नाले हो । तर सुख चाही अरुलाई के मज्जा आउछ भनेर सोचनाले हुन्छ" भन्ने सम्झे । मेरो लागि पनि यो सही लाग्यो र मैले यो सोच्दा आनन्द आयो र आफ्नो कुरा भन्दा पनि ज्यानको बारेमा सोच्न थाले ।

२०१५ मा ज्यानको क्यान्सर फर्कियो र उपचार नहुने भयो । यो कुरा उनिलाई डाक्टरभद्रा पहिला थाहा थियो किनकी उनिमा धेरै दर्द थियो र नयाँ किमो गर्न सक्दिन भन्ने लागेको थियो । मैले के बुझे भने बुद्धधर्म पढ्न सजिलो थियो तर आफुले भोग्ने र दैनिकिमा देखेरे अभ्यास गर्न धेरै गाह्रो थियो । तेस्को एक बर्ष पनि ध्यान गर्न सक्नु दुख सुख बाड्न सक्नु भनेको मेरोलागि उपहार थियो । अन्तिम दुइ हफ्ता उनिका परिवरसँग पनि एस्तै गरी बितायौ ।

मैले यो ध्यानबिना ज्यानको अन्तिम बर्ष र तेस्पछीका बर्ष बिताउन सक्ने थिइन । दुखबाट नै हामी दुबैले एकअर्कालाई सहयोग गरेका थियौ । हामीले बर्तमानलाई महत्व दियौ तर हामी दुबैलाई थाहा थियो कि भोली यो अन्त्य हुन्छ भनेर ।

उनी बितेको दिन, हफ्ता, महिनामा मलाई सानोसानो कुरामा उन्को याद आउथ्यो र धेरै दुख लाग्थ्यो । म जब उनिलाई धर्मसेन्टरबाट फर्किदा फोन गर्ने ठाउँ, म जब कोही नभएको अध्यारो कोठामा आउँदा, केही किन्न जादा उनिलाई केहि चाहिन्छ कि भनेर सोच्दा, अनि कसैसँग कसैलाई गुमाउदा कस्तो हुन्छ भनेर कुरा गर्दा, आदिआदी ।

तर आफ्नो या अरुको मृत्यु भनेको कस्तो हुन्छ भन्ने कुरा साचो बुझ्न तेस्तो अनुभव हुनै पर्छ । अध्यक्ष निवानोको किताब "आफ्नो मन उब्जालु" बनाउनेमा "मृत्युलाई, जुन सबै भन्दा दुखको कुरा हो, जित्ने भनेको परिवर्तनको नियमलाई बुझ्नु हो । मृत्युलाई नजिकबाट नियल्दा मात्र हामी अहिले यहाँ भएकोमा आभारी बन्ने छौ" ।

मैले पहिला यो पढ्दा तेती बुझेको थिइन । मेरो श्रीमतीको मृत्युले दुख भनेको त असाधरण कुरा होईन र एस्लाई छेक्न सकिन्न । यो नै प्राकृतिक कुरा हो र आफुलाई बिकास गर्न र दैनिकिमा खुशी हुन अनि हाम्रो समय सिमित छ तर अमुल्य छ भनेर एस्लाई लिन सक्नु पर्छ ।

संस्थापक निवानोले एकचोटी नया भेटले नै बुद्धत्व प्राप्त हुन्छ भनेर भन्नुभएको छ । मैले संसार यसरी नै हेर्दछु । यो धर्मसेन्टर होस या पसल होस जहाँ होस त्यो नयाँ नया भेट र संघर्ष हो र तेस्लाई बुझ्न पर्छ ।

मैले जन्म, बृधपन, रोग, मित्र्यु भनेको प्राकृतिक भेट हो र एसलाई नकार्न सकिन्न । यि सबै आफ्नो बिचार परिवर्तन र बिकास गर्ने मौका हुन । हरेक संघर्ष जिवनलाई आभरिपूर्व अपनाउने नयाँ मौका हुन ।

मलाई यो जन्म दिएकोमा आमाबुवाप्रती आभारी छु । म आफ्ना साथि, परिवार अरुहरु जस्तो कि गुरुहरु र अरुले जस्ले मलाई थाहा नभए पनि सिकाएका छन ति प्रती आभारी छु ।

म रेवरेन्ड कृस लौगुसा र यासुको हिल्देब्रन्डलाई धेरै समय मलाई सहयोग गरेकोमा आभारी छु । उहाहरुबिना म यहाँ हुदिनथे ।

अन्तमा मलाई ओक्लहोमा धर्मसेन्टर शिक्षा बिभाग प्रमुख बनाएकोमा आभारी छु । एस्ले गर्दा मैले यहाँ पाएको ऋणलाई नयाँ पिडिका लिडर हरुलाई शिकाएर, उनिहरुकोलागि शैक्षिक सामाग्री बनाएर तिर्ने बिचार गरेको छु । अन्तमा मैले धेरै बर्ष अघी गरेको प्रण जुन पुन्डरिक सुत्रको अध्य १६मा छ त्यो यहाँ भन्न चाहन्छु:

"कहिलेकाही एस्तो सोचेको छौ:

मैले कसरी सर्बप्रणिलाई सर्बश्रेष्ठ बाटोमा लाने र छिट्टै उनिहरुलाई बुद्ध बन्न मद्दत गर्ने भनेर ?



*धर्मसेण्टरको प्रक्षिक्षणमा ओक्लाहोमा धर्मसेण्टरका साथीहरुसँग*

# सद्धर्म पुण्डरिक त्रिपाठ
# सर्ब-अध्यायको सारांस र मुल अर्थ

## सद्धर्म पुण्डरिक सुत्र

## चौथो अध्याय बिश्वास र बुझाइ (१)

### बिश्वास र बुझाइ

यो अध्यायको शीर्षक बिश्वास र बुझाइ। बुझाइ भनेको कुनै पनि कुराको कारण हेरेर "ए एस्तो भएर हो" भन्ने कुरा बुझ्ने हो। र बिश्वास भनेको तेस्तो बुझाइलाई लिएर कुनै संका नगरि "त्यो नै हो" भन्ने कुरालाई भनिन्छ।

धेरै जसो पढाई, प्रबिधी र अभ्यास गरिने कुरा पहिले बुझेर त्यो सहिसँग (सिधान्तमा आधारित) गरेमा हुन्छ भनिने बुझिन्छ तर तेस्तो गर्दैमा संसारिक कार्य सजिलोसँग हुने होईन र जसरि पनि "बिश्वास" भन्ने कुराको जरुरी हुन्छ।

जस्तो कि हामीले सधै गरिने गुणन किन ९ आठा ७२ हुन्छ त ? तेस्तो कुरा सोच्दै हिसाब गरिने होईन। सानो बेलादेखी त्यो गुणन घोकेर तेस्लाई बुझी तेस्को बिश्वास गर्नाले केहि नसोची "७ नवा ६३" "८ नवा ७२" भन्दै हिसाब गर्दै जान्छौ। त्यो नै सिद्धान्त हो र सत्य हो तेही भएर त्यो ठीक हुन्छ। र तेस्तो नै हुनु पर्छ।

धर्मको कुरामा पनि "बिश्वास" भनेको नभै नहुने तत्व हो। बुद्धधर्म भनेको बैज्ञानीक सिद्धान्त हो र पहिला बुझ्न जरुरी छ तर तेतिले मात्र पुग्दैन। त्यो बुझाइ गहिरो हुँदै जान्छ र धेरै उथलपुथल हुँदै मनभित्रबाट यो उपदेशलाई लिन सकेर मात्र "साचो" मुक्ती प्राप्त गर्न सकिने हो।

एस्तो मनलाई आस्था भनिन्छ र बुद्धधर्म सिधान्तमा आधारित हो भन्दैमा आस्थासम्म पुग्न सकिन्न र एस्को सही मुल्य बुझ्न सकिन्न।

हामीले "आध्याय तीनको" उपदेशबाट सरिपुत्त जस्तै पूर्ण बिश्वासले आस्थामा पुगेका चेलाहरु सुभुति, कत्यायन, माहाकस्यप र मौद्गल्ययना चारजना बने। यि चारजनाको आस्था के थियो भने "उपाय" म भनिएको "सर्ब प्राणीमा बुद्धत्व हुन्छ र जो पनि बुद्ध बन्न सक्छन्" भन्ने कुरा हो "र बुद्धले यो कुरा अनेक उपाय लगाएर यो उपदेश दिएका थिए। मतलब सबैजना आफ्नो बुधत्व बुझेर बुद्धलोक जान सक्छन" भन्ने कुरा हो।

यी चार चेलाहरुले आफ्नो मनमा मात्र बुझेका होईनन कि उनिहरुले "हामीले यसरी बुझ्यौ" भनेर बुद्धअघी भनेका थिए। यो कुरा महत्वपुर्ण छ किनकी आफ्नो आस्था के हो भन्ने कुरा अरुकोअघी भनेमा मात्र बलियो र पुर्ण हुने गर्दछ।

चारजनाको कुरालाई माहाकस्यपले बुद्धअघी आफ्नो अनुभवको बारेमा भनेको कुरा एक नैतिक शिक्षा बन्यो र त्यो नै "धनी बाउको गरीब छोरा" भन्ने कथा पुन्डरिक सुत्रमा आएको हो। यो कथा एस्तो छ।



# धनी बाउको गरीब छोराको नैतिक कथा



"सानो बेलामा आफ्नो घरबाट भागेको केटा थियो। ५० बर्षसम्म अन्तै बसेर धेरै गरीब र दुखी भएको थियो। तर अल्ली बुढो हुँदै गएपछी त्यो मान्छे आफ्नो जन्मेको गाउतर्फ लाग्यो।

बौ चाही आफ्नो एक्लो छोरा हराएको भनेर दुखिसाथ जिवनी बिताउदै थियो। उस्ले धेरै खोज्यो तर भेटेन। बौ नजिकको एक शहरमा गएर बस्न थाल्यो। उस्ले धेरै धन कमायो र एक ठुलो घरमा बस्न थाल्यो।

उस्को छोरा पनि भौतरिदाभौतरिदा बौको शहरमा पुग्यो र त्यो ठुलो घर अघी पुगेछ। यहाँ केहि काम पाईन्छ कि भनेर सोध्दा एक जना धनी राजा जस्तो मान्छे नोकरचाकर सहित आयो।

त्यो मान्छेले एस्तो ठाउँमा मलाई के काम देलान भनेर संका गरी रहेको थियो। यहाँ एत्तिकै बसेमा मलाई पनि समातेर यहाँको बन्दी पो बनाउने हुन कि भन्ने डर मानेर त्यो मान्छे भाग्यो।

उता त्यो बौले त्यो आफ्नो छोरालाई बिर्सेको थिएन। अघिको मान्छे पक्कै आफ्नो छोरा हो भनेर बुझेको थियो। उस्ले आफ्ना नोकरचाकर त्यो मान्छे लिएर आउनु भनेर आदेश दिएको थियो। तर बौको कुरा नबुझेर "गरीब छोरा" आफुलाई बन्दी बनाउने हो कि भनेर डर मानी भागेको थियो।

तेस्तो देखेर बौले छोरालाई तेत्तिकै नबोलाउने निर्णय गरे। केहिदिनपछी छोरालाई लिन केहि नोकरहरु पठायो र 'फोहोर सफा गर्ने काम छ पैसा पनि ठिकै छ गर्ने हो?' भनेर आफ्नो घरमा बोलाए।

बौ पनि आफुले पनि फोहोर लुगा लगाएर छोरासँग सफा गर्ने काम गर्न लागे। नजिक भएर काम गर्दै मिठो कुरा गर्दै आफ्नो पालेको छोरा बनाउने भयो।

त्यो छोराले आफुलाई तेस्तो राम्रो बेबहार गरेको देखेर खुशी भए तर आफु तेस्को हकदार भनेर कहिले पनि ठानेन।

बौले अरु अनेक काम लगाए अनि सबै सम्पती तिमिले हेर्नु भनेर भने। त्यो छोराले बफादरिपूर्वक काम गऱ्यो तर आफु एस्तो मान्छे होईन भन्ने कुरा मनबाट फाल्न भने सकेनन।

एस्तो गर्दै जादा गरीब मन भएको छोरामा पनि केहि सुधार हुँदै गयो। तेस्तो बेला बौले आफ्नो अन्तिम काल आयो भनेर राजा र अरु मान्छे बोलाएर "यो मान्छे मेरो आफ्नै छोरा हो र यो सबै सम्पती उस्को हुनेछ" भनेर घोषणा गरे।

छोराले बल्ल यो धनी मान्छे त आफ्नो बुवा रहेछन भनेर बुझे अनि सबै सम्पती आफ्नो भन्ने बुझेर धेरै हर्षित भयो।"

निक्क्यो निवानो "सद्धर्म तृपाठको सबै अंशको सरांस र मुल अर्थ" (नयाँ प्रकाशण) कोसेइ प्रकाशण २०१६, पेज ५७-६३

# साचो “निष्चित बुद्धत्व”

नयाँ बर्ष सुरु भयो! मेरोनिम्ती यो दोस्रो बर्ष सुरुभयो । यो बर्ष पनि “आभारिपन र बोधिसत्व” कोलागी भक्ती गर्नेछु ।

अध्यक्षले यो महिनामा फेरी “धर्मप्रचार पथ” भन्ने महत्वपुर्ण कुरा सिकाउनु भएको छ । सबैले आफ्नो महत्व बुझ्नकोनिम्ती अरुलाई दयालु बोली र कार्य गर्नाले त्यो राम्रो कर्म बन्न जान्छ र दुख कष्ट भोगेकाले तेस्लेनै मन शान्त हुँदै जान्छ भन्ने कुरा बुझे ।

यो बर्ष अमेरिकामा धर्मप्रचार भएको ६० बर्ष भयो र र बैदेशिक प्रचार बिभाग सुरु भएको पनि ६० बर्ष भयो । अब आफ्नो आधारमा फर्केर “सद्धर्म पुन्डरिक सुत्रको उपदेशले संसारका मानिसलाई मुक्ती दिलाउने” भन्ने संसारभरिका संघको कर्तब्यबोध गरेर साचो “निष्चित बुद्धत्व” खोज्दै धर्मप्रचार पथमा हिंड्ने छु ।

यो बर्ष पनि तपाईंहरुको सहयोगको अपेक्षा गर्दछु !

रिश्शो कोसेइ काइ अन्तराष्ट्रय बिभाग निर्देशक
कोइचि साइतो



हामी तपाइहरुको सुझावलाई स्वागत गर्छौं। सुझावकोलागि कृपया इमेल गर्नुहोला।

E-mail: living.the.lotus.rk-international@kosei-kai.or.jp

# Rissho Kosei-kai: A Global Buddhist Movememt




**Rissho Kosei-kai International**
Fumon Media Center 3F, 2-7-1 Wada, Suginami-ku, Tokyo, Japan
*Tel:* 81-3-5341-1124 *Fax:* 81-3-5341-1224
*e-mail:* living.the.lotus.rk-international@kosei-kai.or.jp

**Rissho Kosei-kai International of North America (RKINA)**
2707 East First Street, Suite #1, Los Angeles, CA 90033, U.S.A
*Tel:* 1-323-262-4430 *Fax:* 1-323-262-4437
*e-mail:* info@rkina.org http://www.rkina.org

**Branch under RKINA**

**Rissho Kosei-kai of Seattle's Buddhist Learning Center**
28621 Pacific Highway South, Federal Way, WA 98003 U.S.A.
*Tel:* 1-253-945-0024 *Fax:* 1-253-945-0261
*e-mail:* rkseattlewashington@gmail.com
http://buddhistlearningcenter.org/

**Rissho Kosei-kai Buddhist Center of San Antonio**
6083 Babcock Road, San Antonio, TX 78240, U.S.A.
P.O. Box 692148, San Antonio, TX78269, U.S.A
*Tel:* 1-210-561-7991 *Fax:* 1-210-696-7745
*e-mail:* dharmasanantonio@gmail.com
http://www.rkina.org/sanantonio.html

**Rissho Kosei-kai of Tampa Bay**
2470 Nursery Road, Clearwater, FL 33764, U.S.A.
*Tel:* (727) 560-2927 *e-mail:* rktampabay@yahoo.com
http://www.buddhismtampabay.org/

**Rissho Kosei-kai of Vancouver**

**Rissho Kosei-kai Buddhist Church of Hawaii**
2280 Auhuhu Street, Pearl City, HI 96782, U.S.A.
*Tel:* 1-808-455-3212 *Fax:* 1-808-455-4633
*e-mail:* info@rkhawaii.org http://www.rkhawaii.org

**Rissho Kosei-kai Maui Dharma Center**
1817 Nani Street, Wailuku, HI 96793, U.S.A.
*Tel:* 1-808-242-6175 *Fax:* 1-808-244-4625

**Rissho Kosei-kai Kona Dharma Center**
73-4592 Mamalahoa Highway, Kailua-Kona, HI 96740 U.S.A.
*Tel:* 1-808-325-0015 *Fax:* 1-808-333-5537

**Rissho Kosei-kai Buddhist Center of Los Angeles**
2707 East First Street, Los Angeles, CA 90033, U.S.A.
*Tel:* 1-323-269-4741 *Fax:* 1-323-269-4567
*e-mail:* rk-la@sbcglobal.net http://www.rkina.org/losangeles.html

**Rissho Kosei-kai Buddhist Center of Arizona**
**Rissho Kosei-kai Buddhist Center of Colorado**
**Rissho Kosei-kai Buddhist Center of San Diego**
**Rissho Kosei-kai Buddhist Center of Las Vegas**
**Rissho Kosei-kai Buddhist Center of Dallas**

**Rissho Kosei-kai of San Francisco**
1031 Valencia Way, Pacifica, CA 94044, U.S.A.
*Tel:* 1-650-359-6951 *Fax:* 1-650-359-6437
*e-mail:* info@rksf.org http://www.rksf.org

**Rissho Kosei-kai of Sacramento**
**Rissho Kosei-kai of San Jose**

**Rissho Kosei-kai of New York**
320 East 39th Street, New York, NY 10016 U.S.A.
*Tel:* 1-212-867-5677 *Fax:* 1-212-697-6499
*e-mail:* rkny39@gmail.com http://rk-ny.org/

**Rissho Kosei-kai of Chicago**
1 West Euclid Ave., Mt. Prospect, IL 60056 U.S.A.
*Tel :* 1-773-842-5654 *e-mail:* murakami4838@aol.com
http://rkchi.org/

**Rissho Kosei-kai of Fort Myers**
http://www.rkftmyersbuddhism.org/

**Rissho Kosei-kai Dharma Center of Oklahoma**
2745 N.W. 40th Street, Oklahoma City, OK 73112 U.S.A.
*Tel:* 1-405-943-5030 *Fax:* 1-405-943-5303
*e-mail:* rkokdc@gmail.com http://www.rkok-dharmacenter.org

**Rissho Kosei-kai Dharma Center of Denver**
1255 Galapago Street, #809 Denver, CO 80204 U.S.A.
*Tel:* 1-303-446-0792

**Rissho Kosei-kai Dharma Center of Dayton**
425 Patterson Road, Dayton, OH 45419 U.S.A.
http://www.rkina-dayton.com/

**Risho Kossei-kai do Brasil**
Rua Dr. José Estefno 40, Vila Mariana, São Paulo-SP,
CEP 04116-060 Brasil
*Tel:* 55-11-5549-4446 / 55-11-5573-8377 *Fax:* 55-11-5549-4304
*e-mail:* risho@terra.com.br http://www.rkk.org.br

**Risho Kossei-kai de Mogi das Cruzes**
Av. Ipiranga 1575-Ap 1, Mogi das Cruzes-SP,
CEP 08730-000 Brasil
*Tel:* 55-11-5549-4446 / 55-11-5573-8377

**Rissho Kosei-kai of Taipei**
4F, No. 10 Hengyang Road, Jhongjheng District,
Taipei City 100, Taiwan
*Tel:* 886-2-2381-1632 *Fax:* 886-2-2331-3433
http://kosei-kai.blogspot.com/

**Rissho Kosei-kai of Tainan**
No. 45, Chongming 23rd Street, East District,
Tainan City 701, Taiwan
*Tel:* 886-6-289-1478 *Fax:* 886-6-289-1488

**Korean Rissho Kosei-kai**
6-3, 8 gil Hannamdaero Yongsan gu, Seoul, 04420,
Republic of Korea
*Tel:* 82-2-796-5571 *Fax:* 82-2-796-1696
*e-mail:* krkk1125@hotmail.com

**Korean Rissho Kosei-kai of Busan**
3F, 174 Suyoung ro, Nam gu, Busan, 48460, Republic of Korea
*Tel:* 82-51-643-5571 *Fax:* 82-51-643-5572

**International Buddhist Congregation (IBC)**
Fumon Media Center 3F, 2-7-1 Wada, Suginami-ku, Tokyo, Japan
*Tel:* 81-3-5341-1230 *Fax:* 81-3-5341-1224
*e-mail:* ibcrk@kosei-kai.or.jp http://www.ibc-rk.org/

**Branches under the Headquarters**

**Rissho Kosei-kai of Hong Kong**
Flat D, 5/F, Kiu Hing Mansion, 14 King's Road,
North Point, Hong Kong, Republic of China

**Rissho Kosei-kai of Ulaanbaatar**
15F Express tower, Peace avenue, khoroo-1, Chingeltei district,
Ulaanbaatar 15160, Mongolia
*Tel:* 976-70006960 *e-mail:* rkkmongolia@yahoo.co.jp

**Rissho Kosei-kai of Sakhalin**
4 Gruzinski Alley, Yuzhno-Sakhalinsk
693005, Russian Federation
*Tel & Fax:* 7-4242-77-05-14

**Rissho Kosei-kai Friends in Shanghai**

**Rissho Kosei-kai of South Asia Division**
201 Soi 15/1, Praram 9 Road, Bangkapi, Huaykhwang
Bangkok 10310, Thailand
*Tel:* 66-2-716-8141 *Fax:* 66-2-716-8218

**Rissho Kosei-kai International of South Asia (RKISA)**
201 Soi 15/1, Praram 9 Road, Bangkapi, Huaykhwang
Bangkok 10310, Thailand
*Tel:* 66-2-716-8141 *Fax:* 66-2-716-8218
*e-mail:* thairissho@csloxinfo.com

**Branches under the South Asia Division**

**Rissho Kosei-kai of Delhi**
77 Basement D.D.A. Site No. 1, New Rajinder Nagar,
New Delhi 110060, India

**Rissho Kosei-kai of Kolkata**
E-243 B. P. Township, P. O. Panchasayar, Kolkata 700094,
West Bengal, India

**Rissho Kosei-kai of Kolkata North**
AE/D/12 Arjunpur East, Teghoria, Kolkata 700059,
West Bengal, India

**Rissho Kosei-kai of Bodhgaya**
Ambedkar Nagar, West Police Line Road
Rumpur, Gaya-823001, Bihar, India

**Rissho Kosei-kai of Kathmandu**
Ward No. 3, Jhamsilhel, Sancepa-1, Lalitpur, Kathmandu,
Nepal

**Rissho Kosei-kai of Phnom Penh**
#201E2, St 128, Sangkat Mittapheap, Khan 7 Makara,
Phnom Penh, Cambodia

**Rissho Kosei-kai of Patna**
**Rissho Kosei-kai of Singapore**

**Thai Rissho Friendship Foundation**
201 Soi 15/1, Praram 9 Road, Bangkapi, Huaykhwang
Bangkok 10310, Thailand
*Tel:* 66-2-716-8141 *Fax:* 66-2-716-8218
*e-mail:* info.thairissho@gmail.com

**Rissho Kosei-kai of Bangladesh**
85/A Chanmari Road, Lalkhan Bazar, Chittagong, Bangladesh
*Tel & Fax:* 880-31-626575

**Rissho Kosei-kai of Dhaka**
House#408/8, Road#7(West), D.O.H.S Baridhara,
Dhaka Cant.-1206, Bangladesh
*Tel & Fax:* 880-2-8413855

**Rissho Kosei-kai of Mayani**
Mayani(Barua Para), Post Office: Abutorab, Police Station:
Mirshari, District: Chittagong, Bangladesh

**Rissho Kosei-kai of Patiya**
Patiya, sadar, Patiya, Chittagong, Bangladesh

**Rissho Kosei-kai of Domdama**
Domdama, Mirsarai, Chittagong, Bangladesh

**Rissho Kosei-kai of Cox's Bazar**
Ume Burmese Market, Main Road Teck Para, Cox'sbazar,
Bangladesh

**Rissho Kosei-kai of Satbaria**
Satbaria, Hajirpara, Chandanish, Chittagong, Bangladesh

**Rissho Kosei-kai of Laksham**
Dupchar (West Para), Bhora Jatgat pur, Laksham, Comilla,
Bangladesh

**Rissho Kosei-kai of Raozan**
West Raozan, Ramjan Ali Hat, Raozan, Chittagong, Bangladesh

**Rissho Kosei-kai of Chendirpuni**
Chendirpuni, Adhunagor, Lohagara, Chittagong, Bangladesh

**Rissho Kosei-kai of Ramu**

**Rissho Kosei Dhamma Foundation, Sri Lanka**
No. 628-A, Station Road, Hunupitiya, Wattala, Sri Lanka
*Tel:* 94-11-2982406 *Fax:* 94-11-2982405

**Rissho Kosei-kai of Habarana**
151, Damulla Road, Habarana, Sri Lanka

**Rissho Kosei-kai of Polonnaruwa**

**Branches under the Headquarters**
**Rissho Kosei-kai di Roma**
Via Torino, 29-00184 Roma, Italia
*Tel & Fax:* 39-06-48913949 *e-mail:* roma@rk-euro.org

**Rissho Kosei-kai of the UK**
**Rissho Kosei-kai of Venezia**
**Rissho Kosei-kai of Paris**